# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु सार्वजनिक।

**<u>मिति २०८१/०२/१४ गतेको गाउँ कार्यपालिकाको १३ औं बैठकमा पेश भएका प्रस्तावहरुः</u>**

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | आगामी आ.व. २०८१/०८२ लागि आयोजना तथा कार्यक्रम छनौट गर्ने । |
| २. | चक्रपथ सडक निर्माण सम्बन्धमा । | चक्रपथ सडक निर्माण कार्यको लागि आवश्यक छलफल तथा निर्णय गर्ने । |
| ३. | आयोजना स्वीकृत सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत देहायका आयोजना निर्माण गर्न अत्यावश्यक रहेको हुँदा उक्त आयोजना स्वीकृत गर्ने । |
| ४. | भगवतीमाई गाउँपालिका स्थानीय रोजगार रणनीति (२०८१/०८२-२०८५/०८६) सम्बन्धमा । | भगवतीमाई गाउँपालिका स्थानीय रोजगार रणनीति (२०८१/०८२-२०८५/०८६) छलफलको लागि पेश गर्ने । |
| ५. | सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा । | सुरक्षित नागरिक आवास कार्यक्रमको लागि लाभग्राही नाम स्वीकृत गर्ने । |
| ६. | विपन्न नागरिक सहायता कार्यक्रम सम्बन्धमा । | विपन्न नागरिक सहायता कार्यक्रम प्रदान गर्ने सम्बन्धमा । |

**<u>मिति २०८१/०२/१४ गतेको गाउँ कार्यपालिकाको १३ औं बैठकबाट भएका निर्णयहरुः</u>**

१. आगामी आ.व. २०८१/०८२ का लागि देहाय बमोजिमका आयोजना तथा कार्यक्रम छनौट गरी स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा सिफारिस गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | वासुधारा राउचौर सडक स्तरोन्नती | १ | गन्म | |
| २. | खेलमैदान निर्माण र घेरबार ढाँण | २ | रुम | |
| ३. | खेलमैदान निर्माण र घेरवार तुर्सेनी | ३ | मेहेलतोली | |
| ४. | पोखरा धागेछडी लामिखाल सडक स्तरोन्नती | ४ | तुर्सु | |
| ५. | दाडिम वडा कार्यालय सडक स्तरोन्नती र वडालेक झुला पदमार्ग निर्माण | ५ | कट्टी | |
| ६. | सामुदायिक भवन निर्माण चिपिन काँडा | ६ | चिपिन | |
| ७. | ने.रा. आ.वि. घेरवार | ७ | तप्लुङ्ग | |

२. यस भगवतीमाई गाउँपालिकाको चक्रपथ रिङ्गरोड सम्बन्धमा देहाय बमोजिम गर्नेः

क. भगवतीमाई गाउँपालिकामा निर्माणाधिन चक्रपथ सडक अन्तर्गत वडा नं. ६ मा चालु आर्थिक वर्षमा कट्टी बाँसे चिपिन खण्ड निर्माणाधिन अवस्थामा रहेकोमा पुर्णता दिने र उक्त वडामा चक्रपथ सडक खण्ड आगामी आर्थिक वर्ष देखि कट्टी सनिगाउँ गोठी चिपिन खण्ड कायम गरी निर्माण गर्ने ।

ख. यस भगवतीमाई गाउँपालिका अन्तर्गत निर्माणाधिन चक्रपथ निर्माण कार्य अन्तर्गत प्राविधिक सर्भे, लागत अनुमान र ठेक्का सम्झौता बमोजिम देहायका खण्डहरु निर्माण गर्ने ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. ४ र ५ जोड्ने खण्ड | ४ र ५ | मन्घर कट्टी | |
| २. | वडा नं. ६ को कट्टी र चिपिन खण्ड | ६ | कट्टी बाँसे चिपिन | |
| ३. | वडा नं. ६ र ७ को भेरेखोला खण्ड | ६ र ७ | भेरेखोला | |

३. यस भगवतीमाई गाउँपालिका अन्तर्गत देहाय बमोजिमका आयोजना निर्माण गर्न अत्यावश्यक रहेको र चालु आ.व. २०८०/०८१ मा बजेटको स्रोत अभाव रहेको हुँदा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटबाट भुक्तानी दिने गरी स्वीकृत गर्ने र उक्त निर्माण कार्यहरु कोटेशनको माध्यमद्वारा गर्ने गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सनिगाउँ गोठी चिपिन सडक निर्माण | ६ | गोठी चिपिन | १०,००,०००। | |
| २. | ७ नं. वडा कार्यालय पर्खाल निर्माण | ७ | खोर | ८,००,०००। | |
| | जम्मा | | | १८,००,०००। | |

४. भगवतीमाई गाउँपालिका स्थानीय रोजगार रणनीति (२०८१/०८२-२०८५/०८६) छलफलको लागि पेश गरियो र अर्को बैठकमा दफावार छलफल तथा स्वीकृत गर्ने ।

५. यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८०/०८१ मा नेपाल सरकार सशर्त अनुदानतर्फ सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ स्वीकृत वार्षिक कार्यक्रममा देहायका लाभग्राहीहरुको नामावली नरहेको र सो शीर्षकमा बजेट बचत हुने देखिएको हुँदा निजहरुको नामावली स्वीकृत गरी कार्यक्रम कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

तपसिलः

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | चन्द्रकला खड्का | ६ | जुम्लाकाफल | |
| २. | कविता वि.क. | ६ | | हाल वेस्तडा |
| ३. | विरसिंह दमाई | ७ | तप्लुङ्ग | |
| ४. | पृथ बहादुर थापा | १ | अमाडे | |
| ५. | वीरेन्द्र वि.क. | १ | सानो पगनाथ | |

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|---|
| ६. | मानबहादुर वि.क. | ४ | तुर्सु | |

६. यस भगवतीमाई गाउँपालिकाको लागि चालु आ.व. २०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार राजस्व बाँडफाड तर्फ विपन्न नागरिक आर्थिक सहायता कार्यक्रमबाट देहायका विपन्न लाभग्राहीहरुलाई देहायको आर्थिक सहायता रकम प्रदान गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सावित्री वि.क. | ४ | तिमिल्सैना | १५०००। | घरको छानो मर्मत |
| २. | सेतु बोहरा | २ | रुम | १५०००। | घरको छानो मर्मत |
| ३. | रतनबहादुर तिरुवा | १ | सानो पगनाथ | १५०००। | आरन सुधार |

**<u>भिन्न मतको अभिलेख</u>**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| १. | × | × | × | × |
| २. | × | × | × | × |